नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

कोहलपुर, बाँके ।

प.स. २०७७/०७८
च.नं. ४४५

मितिः २०७७/०८/१८

श्री कोहलपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, कोहलपुर, बाँके ।
श्री ईलाका प्रशासन कार्यालय, कोहलपुर, बाँके ।
श्री कोहलपुर उद्योग वाणिज्य संघ, कोहलपुर, बाँके ।

विषयः हकदावी सूचना टाँस गरिदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ऐन), २०५२ को दफा ३१ बमोजिम प्रकाशित हकदावी गर्न आउने सम्बन्धमा सार्वजनिक सूचना पाना-१ यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचनापाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।

सुमिलराज देवकोटा
निमित्त प्रमुख अनुसन्धान अधिकृत
नि. प्रमुख अनुसन्धान अधिकृत

दर्ता नं ११२८
२०७७/८/१९

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

कोहलपुर, बाँके

प.स. २०७७/०७८
च.नं. ×

## हकदावी गर्न आउने सम्बन्धी १५ दिने सूचना ।

मिति २०७७/०८/१८

जिल्ला प्रहरी कार्यालय (अ.अ. तथा कारवाही शाखा) घोराही, दाङले मिति २०७७/०८/११ गतेका दिन बेवारिसे अवस्थामा फेला पारी तपसिल बमोजिमको सवारीसाधन आवश्यक कारवाहीका लागि यस कार्यालयमा दाखिला हुन आएको हुँदा उक्त सवारीसाधन कोही कसैको भएमा आफूसँग भएको सबूत प्रमाण समेत लिई आजका मितिले १५ दिनभित्र हकदावी गर्न आउनुहोला भनी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३१ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । म्यादभित्र कोही कसैको हकदावी नआएमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम भै जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. सवारी साधनको विवरणः

| मुद्दा नं. | सवारीसाधनको नम्बर | ईन्जिन नम्बर | च्यासिस नं. | सवारीसाधनको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| ३५/२०७७/०७८ | HP25A 2309 | K10BN4653648 | MA3EADE1S0544312 | कार | Maruti Suzuki ALTO |

नि. प्रमुख अनुसन्धान अधिकृत